Jyotipunja
Saving & Credit Co-operative Ltd.

समृद्धिका लागि
सहयात्रा...

# 14th ANNUAL REPORT 2080/81

# १४ औं वार्षिक प्रतिवेदन २०८०/८१

www.jyotipunja.coop.np

## सल्लाहकार



**डा. नीरज नारायण जोशी**
प्रमुख सल्लाहकार



**रमेश कुमार रोका (बरिष्ठ अधिवक्ता)**
कानुनी सल्लाहकार

## लेखा सुपरिवेक्षण समिति



**निशिमा आचार्य**
संयोजक



**एलिना कार्की थापा**
सदस्य



**गीता राउत**
सदस्य

## सञ्चालक समिति



**नविन श्रेष्ठ**
अध्यक्ष



**रामेश्वर थापा**
उपाध्यक्ष



**संगीत प्रधान**
सचिव



**सावित्रा कार्की**
कोषाध्यक्ष



**प्रकाश श्रेष्ठ**
सदस्य



**बबिता अमात्य**
सदस्य

सदस्य



**नवराज कार्की**
प्रमुख कार्यकारी अधिकृत

# ज्योतिपुञ्ज चिनारी गीत

*भविष्यको भरोसा वर्तमानको आधार ।*
*ज्योतिपुञ्जले नै गर्छ सबैको सपना साकार ।।*

*जम्मा गरे जम्मा हुन्छ खाँचो पर्दा टार्छ ।*
*उद्योग व्यावसाय गर्न यसले मद्दत गर्छ ।।*

*बुढेसकालको लौरी जस्तो एक्लोपनको साथी ।*
*अनाथको अभिभावक ज्योतिपुञ्जको बाती ।।*

*थोपा थोपा जम्मा गरी घैलो भरे जस्तै ।*
*भोलि खान आजैबाट वीउ छरे जस्तै ।।*

*जसले सोच्छ भविष्यमा सुरक्षा र सुख ।*
*साथ दिन्छ ज्योतिपुञ्ज बन्दै अभिमुख ।।*

*भविष्यको भरोसा वर्तमानको आधार ।*
*ज्योतिपुञ्जले नै गर्छ सबैको सपना साकार ।।*

*सबैको सपना साकार ।।*

***– प्रकट पगेनी 'शिव'***



ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लिमिटेडको सदस्य महानुभावहरुमा

# १४औं वार्षिक साधारण सभा सम्बन्धि सूचना

सूचना प्रकाशन मितिः २०८१/०५/१०, प्रभाव राष्ट्रिय दैनिक

यस ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लि., नयाँ बानेश्वर, काठमाडौंको मिति २०८१/०५/०९ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयले संस्थाको १४औं वार्षिक साधारण सभा तपसिलमा उल्लेखित कार्यसूची बमोजिम छलफल गरी निर्णय गर्नका लागि देहायका उल्लेखित एकाइहरुमा तोकिए बमोजिमको मिति, समय र स्थानमा हुने भएकोले सोही अनुसार उपस्थितिका लागि सम्पूर्ण सदस्य महानुभावहरुलाई अनुरोछ छ।

## साधारण सभाका कार्यसूचीहरु

१. सञ्चालक समितिको प्रतिवेदन सम्बन्धमा,
२. लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा,
३. आ.व. ०८०/८१ को लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा,
४. आ.व. ०८१/८२ को प्रस्तावित बजेट तथा कार्यक्रम सम्बन्धमा,
५. लाभांश तथा संरक्षित पूँजी फिर्ता कोष वितरण सम्बन्धमा,
६. आ.व. ०८१/८२ को लागि लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण सम्बन्धमा,
७. साधारण सभाको एकाइ प्रतिनिधिहरू र निर्णय प्रमाणित प्रतिनिधि सम्बन्धमा,
८. आ.व. ०८०/८१ मा सञ्चालक समितिले गरेका निर्णयहरू अनुमोदन सम्बन्धमा,
९. उप–निर्वाचन सम्बन्धमा,
१०. विनियम संशोधन सम्बन्धमा,
११. सदस्यता हित योजना संशोधन सम्बन्धमा,
१२. आन्तरिक नीति तथा कार्यविधि सम्बन्धमा,
१३. विशेष प्रस्तावहरू सम्बन्धमा।

## एकाइका कार्यक्रमहरूः

| बैठक मिति | एकाइ | एकाइको क्षेत्र (सेवा केन्द्र) | बैठक समय | बैठक स्थान |
|---|---|---|---|---|
| २०८१/०६/०३ | १ | कुमारीपाटी र लुभू सेवा केन्द्र | बिहान ८:१५ बजे | अग्नी पार्टी प्यालेस, कुमारीपाटी ललितपुर |
| २०८१/०६/०५ | २ | मुख्य कार्यालय र गोठाटार सेवा केन्द्र | बिहान ८:१५ बजे | होटल ए–वान भेन्यू, कोटेश्वर काठमाडौं |

साधारण सभाको एकाइ बैठकका प्रतिनिधिहरुको निर्णय प्रमाणित गर्ने सभाः
२०८१/०६/१३ गते, आईतबार बिहान ११:०० बजे, संस्थाको मुख्य कार्यालय, नयाँ बानेश्वर, काठमाडौं

**नोटः** – संस्थाको १४औं वार्षिक प्रतिवेदन भाद्र २१ गते www.jyotipunja.coop.np मा समेत राखिने छ।
– सभामा उपस्थित सदस्य महानुभावहरूलाई खाजा तथा परिवहन खर्च स्वरूप रू.७००/– उपलब्ध गरिनेछ।

सञ्चालक समितिको आज्ञाले
सचिव

## संक्षिप्त पृष्ठभूमिः

ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लिमिटेड २०६८ बैशाख २९ गते तत्कालिन डिभिजन सहकारी कार्यालय काठमाडौंमा दर्ता भई २०६८ भाद्र ०४ गतेबाट विधिवत रूपमा कारोबार शुभारम्भ गरी सञ्चालनमा आएको हो।

### ध्येय
### MISSION

सहकारी मुल्य तथा सिद्धान्त बमोजिम सदस्यहरूको आर्थिक, सामाजिक र साँस्कृतिक विकासका लागि समुदायमा विशिष्ट पहिचानसहित गुणस्तरीय सेवा प्रदायक अब्बल वित्तीय संस्था।

### परिकल्पना
### VISION

उत्कृष्ट वित्तीय सेवाका लागि सदस्यहरूको पहिलो रोजाईको सुरक्षित साकोस।

### मूल्य मान्यता
### CORE VALUES

**आधार मूल्यहरू :** स्वाबलम्बन, स्वःउत्तरदायित्व, लोकतन्त्र, समानता, समता र ऐक्यवद्धता।
**नैतिक मूल्यहरु :** इमान्दारिता, खुलापन, सामाजिक उत्तरदायित्व र अरूको हेरचाह।

## कार्यक्षेत्र

संस्थाको कार्यक्षेत्र काठमाडौं, ललितपुर र भक्तपुर जिल्ला भरी रहेको छ।

## बचत सेवा

१. नियमित बचत
२. बाल भविष्य बचत
३. नारी उन्नति बचत
४. अग्रज सम्मान बचत
५. सरल बचत
६. उद्यमी बचत
७. मेगा प्लस बचत
८. खुत्रुके बचत
९. पेन्सन बचत
१०. आवधिक बचत
११. ह्याप्पी बचत
१२. बीमा बचत



## ऋण सेवा

१. उद्यमी ऋण
२. कृषि कर्जा ऋण
३. शैक्षिक कर्जा ऋण
४. आवास कर्जा ऋण
५. बैदेशिक रोजगार ऋण
६. हायर पर्चेज ऋण
७. नियमित बचत ऋण
८. आवधिक बचत ऋण
९. बचत जमानी ऋण



# सदस्य हित योजना



सदस्यहरूको दुःखमा सानो राहत सहयोग र खुसीको क्षणमा पुरस्कार तथा सम्मान गर्ने उद्देश्यले संस्थाले विगतका वर्षहरूदेखि सदस्य हित योजना अन्तर्गत तपसिलका कार्यक्रमहरू सञ्चालन गर्दैआएको छ।

- **श्रद्धाञ्जली सहितको राहतः** संस्थाका सदस्यको मृत्यु भएमा सम्बन्धित परिवारलाई सदस्यको मृत्यु भएको मितिले १३ दिन भित्र श्रद्धाञ्जली सहित राहत रू. १५,००० प्रदान गरिने,
- **प्रसुति सदस्य कोसेलीः** महिला सदस्यलाई प्रसुती कोसेली स्वरूप रू. २,००० उपलब्ध गरिने,
- **शिशु बचत आरम्भः** सदस्यको नवजात शिशुलाई बाल बचत खाता खोली संस्थाको तर्फबाट खुत्रुके सहित रू. १,००० का दरले बचत आरम्भ गरिदिने,
- **एस.ई.ई. उर्तीण सम्मानः** एस.ई.ई. परिक्षामा सफल हुने सदस्यका सन्ततिहरूलाई रू. ३,००० नगद पुरस्कारसहित सम्मान प्रदान गरिने।

## स्मार्ट बैंकिङ्ग

ज्योतिपुञ्ज स्मार्ट एप्स



## विप्रेषण सेवा

● आईएमई ● प्रभु ● वेस्टर्न युनियन ● मनि ग्राम

# विषयसूचि


| | |
|---|---|
| वार्षिक प्रगति प्रतिवेदन | ७ |
| वार्षिक नीति तथा कार्यक्रम र बजेट | १२ |
| पर्ल्स अनुपात | १९ |
| लेखा सुपरिवेक्षण समितिको समिक्षा प्रतिवेदन | २२ |
| लेखापरीक्षकको प्रतिवेदन | २७ |
| वासलात | ३२ |
| नाफा नोक्सान हिसाब | ३३ |
| नगद प्रवाह विवरण | ३४ |
| अनुसूची १ देखि १५ सम्म | ३५-४२ |
| प्रमुख लेखा नीति र लेखा सम्बन्धि टिप्पणीहरु | ४४ |

# १४औं वार्षिक साधारण सभा २०८१ मा सञ्चालक समितिको तर्फबाट अध्यक्ष श्री नविन श्रेष्ठद्वारा प्रस्तुत आ.व. २०८०/८१ को वार्षिक प्रगति प्रतिवेदन

आदरणीय सञ्चालक समितिका पदाधिकारी तथा सदस्यज्यूहरू, लेखा सुपरिवेक्षण समितिका संयोजक तथा सदस्यज्यूहरू, सल्लाहकार महानुभावहरू, विभिन्न उप-समितिका संयोजक तथा सदस्यज्यूहरू, शेयर सदस्यज्यूहरू र प्रमुख कार्यकारी अधिकृतज्यू लगायत सम्पूर्ण कर्मचारीहरूमा संस्थाको १४औं वार्षिक साधारण सभाको अवसरमा हार्दिक सहाकरी अभिवादन व्यक्त गर्दछु ।

हाम्रो १३औं वर्षसम्मको यात्राका दौरान आइपरेका आरोह-अवरोहमा निरन्तर साथ, समर्थन र हौसला प्रदान गर्ने सदस्यज्यूहरु, सरोकारवाला निकाय, नियामक निकाय लगायत सबैमा आजको यो विशेष दिनमा हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

सहकारीका सिद्धान्त र मुल्य अनुरुप संस्थाले सदस्यहरुको सामाजिक, आर्थिक, साँस्कृतिक र पर्यावरणीय विकासलाई प्राथमिकताको अग्रभागमा राखेर नीति, कार्यक्रम र उत्पादन सेवाहरु विकास गर्दै आएको कारण हाम्रो संस्था सवल र सफल सहकारीहरू मध्ये एक उदाहरणीय  संस्थाको रुपमा स्थापित गर्दै गरेको यहाँहरु सबैलाई अवगत नै छ । यसैबीच उपस्थित सदस्य महानुभावहरूलाई संस्थाले आ.व. २०८०/८१ मा लिएको कार्यदिशा र हासिल गरेको प्रमुख उपलब्धीहरू यस गरिमामय सभा मार्फत अवगत गराउन पाउँदा खुसी महशुस गरेको छु ।

विगत ५ वर्ष पछिको मुलुकको अर्थतन्त्रको अवस्था त्यति उत्साहजनक देखिदैन । सन् २०१९ को अन्त्यतिर विश्वमा कोभिड महामारी शुरू भयो । सन् २०२०/२१ तिर संसारका अन्य मुलुकहरूमा जस्तै नेपालमा पनि देखिएको आर्थिक सिथिलतालाई कोभिड-१९ को कारण मानियो तर त्यस पछिका वर्षहरूमा नेपालमा आर्थिक गतिविधीहरू झनै कम हुँदै गए । सरकार तथा सरोकारवालाहरूको विविध प्रयासका बावजुद पनि अर्थतन्त्र चलायमान हुन सकेन । आर्थिक मन्दीको यो अवस्था सन् २०२३ को अन्त्य तिर आईपुग्दा चरम विन्दुमा पुगेको अनुभव गरियो । समग्रमा वित्तीय बजार सहकारी अभियान मैत्री रहेन, तथापि प्रतिकुल वित्तीय वातावरणका बीच पनि सदस्यहरूको दरिलो साथ र व्यवस्थापन समूहको अथक मेहनतले ति सबै समस्याहरूलाई कुशलतापूर्वक पार गर्दै  हामीले अधिकांश लक्ष्य हासिल गर्न सफल भएका छौं । संस्थाका वित्तीय सूचकाङ्कहरू हरेक हिसाबले सवल हुँदै जाँदा सदस्यहरूलाई अझ आधुनिक र विकसित रूपमा खोजे जस्ता सेवाहरू प्रदान गर्न सक्षम रहेको कुरा पनि विश्वास दिलाउन चाहन्छौं ।

अब म आर्थिक वर्ष २०८०/८१ मा भए गरेका प्रमुख वित्तीय तथा गैह्र वित्तीय गतिविधीहरूलाई बुँदागत रूपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## १. वित्तीय गतिविधीः

१.१. यस वर्षको प्रमुख वित्तीय झलक यस प्रकार रहेको छ।

| शिर्षक | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | वृद्धि प्रतिशत |
|---|---|---|---|
| शेयर पूँजी | ८,८५,२०,६००.०० | ८,२१,६२,७००.०० | (७.१८%) |
| बचत/निक्षेप | ८६,०८,७८,१९०.०० | ९४,४२,८०,५७१.९७ | ९.८९% |
| ऋण लगानी | १,०२,२९,८५,२१२.१० | ९९,१७,८१,९४३.६१ | (३.०५%) |
| कुल जगेडा कोष | १२,८७,१०,१०४.४३ | १३,७०,७७,९८५.७० | ६.५०% |
| बाह्य ऋण | १८५५२४४४४.४३ | ७,१४,८७,५६७.४६ | (६१.४६%) |
| ऋण नोक्सानी व्यवस्था | ३,९६,९४,६६६.८१ | ३,९९,२९,९६१.४७ | ०.५९% |
| सञ्चालन नाफा | १,६२,६१,०९०.८३ | २,२८,६९,९१३.१५ | ४०.६४% |
| कुल वासलात | १,३४,५५,९७,०६२.६४ | १,३०,९५,००,५३५.४५ | (२.६८%) |

१.२. पर्ल्स वित्तीय प्रतिवेदनको सार विश्लेषण गर्दा ऋण सुरक्षणका लागि आवश्यक सबै व्यवस्था गरेका छौं।

१.३. गत वर्षको वार्षिक साधारण सभाबाट विनियोजित भएका कोषहरूको वितरण र बाँकी रहेको कोषहरू आ.व.को अन्त्यमा साधारण जगेडा कोषमा रकमान्तर गरिएको छ भने आ.व. ०८०/८१ को नाफाबाट शेयर लाभांश तर्फ १० प्रतिशत, संरक्षित पूँजी फिर्ता कोष रकम र कर्मचारी वोनस व्यवस्था भए बमोजिम रकम अनुमोदन गर्न प्रस्ताव पेश गरेको छु।

## २. ऋण लगानी तथा असुली व्यवस्थापनः

२.१. संस्थाबाट प्रवाह हुने ऋणलाई अनिवार्य परामर्शको आधारमा लगानी गरिएको छ।

२.२. भाखा नाघेको ऋणको ऋण नोक्सानी व्यवस्थापन गर्ने गरिएको छ।

## ३. सदस्यता विस्तारको अवस्थाः

३.१. आ.व. २०८०/८१ को अन्त्य सम्ममा सदस्य संख्या ४,२४९ जना पुगेको छ। यस वर्ष मात्र ७१९ जना नयाँ सदस्य थप हुनुभएको छ। कुल सदस्य मध्ये महिला सदस्य संख्या ४८.४३ प्रतिशत, पुरूष सदस्य संख्या ५१.५७ प्रतिशत र बाल बचतकर्ता ६१७ रहेका छन । जिल्लागत आधारमा सदस्यहरूको सहभागिता सबैभन्दा धेरै काठमाडौं जिल्लामा रहेका छन्।

| जिल्ला | महिला | पुरूष | जम्मा सदस्य | जिल्लागत भारित प्रतिशत |
|---|---|---|---|---|
| काठमाडौं | ११५७ | १२१७ | २३७४ | ५५.८७ |
| ललितपुर | ८०२ | ८५५ | १६५७ | ३९.०० |
| भक्तपुर | ९९ | ११९ | २१८ | ५.१३ |
| जम्मा सदस्य | २०५८ | २१९१ | ४२४९ | १००.०० |
| प्रतिशतमा | ४८.४३% | ५१.५७% | १००% | |

३.२. संस्थामा रहेका सदस्यहरू मध्ये १६ वर्ष देखि ४० वर्ष उमेर समूहका १९१३ जना अर्थात ४५.०२ प्रतिशत, ४१ वर्ष देखि ६० वर्ष उमेर समूहका १९२९ अर्थात ४५.४० प्रतिशत, ६१ वर्ष देखि ७५ उमेर समूहका सदस्यहरू ३७१ अर्थात ८.७३ प्रतिशत र ७५ भन्दा माथिका ३६ जना अर्थात ०.८५ प्रतिशत सदस्यहरू रहेका छन्।

## ४. सांगठनिक व्यवस्थापन र कार्यालयको अवस्थाः

४.१. हाल संस्थामा सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, सल्लाहकार समूह, ऋण उप-समिति, शिक्षा उप-समिति तथा व्यवस्थापन समूह मार्फत नियमित काम र समन्वय भईरहेको छ। मुख्य कार्यालय तथा सेवा केन्द्रहरूमा रहेको जनशक्ति, सदस्य संख्या र वासलातको तुलनात्मक अवस्था यसप्रकार रहेको छ।

| क्र.सं. | कार्यालय | कार्यरत कर्मचारी संख्या | सदस्य संख्या | कुल वासलात |
|---|---|---|---|---|
| १ | मुख्य कार्यालय, नयाँ बानेश्वर | ११ | १४३५ | ६०,१९,०७,९७०.६२ |
| २ | कुमारीपाटी सेवा केन्द्र | ८ | ११०७ | ५०,५४,४२,०७९.९१ |
| ३ | गोठाटार सेवा केन्द्र | ७ | १०९१ | १४,८३,६३,२१७.४० |
| ४ | लुभू सेवा केन्द्र | ५ | ६१६ | ५,३७,८७,२६७.५२ |
| | **जम्मा** | **३१** | **४२४९** | **१,३०,९५,००,५३५.४५** |

## ५. प्रविधीमैत्री सेवाः

५.१. संस्थाको सेवालाई क्रमशः प्रविधिमैत्री बनाउने अभियान थालिएको छ। हाल सम्म १२७० जनाले मोबाईल बैंकिङ्ग सेवा र ३३० जनाले Quick Response Code (क्यू.आर.कोड) प्रविधिको प्रयोग गरिरहनुभएको छ। संस्थाको वेभसाइट, फेसबुक अकाउण्ट आदिलाई समय सापेक्ष परिमार्जन गर्दै सदस्य सेवा र वस्तुहरूको बारे सहज रूपमा सूचना दिने माध्यमको रूपमा विकास गरिरहेको छ।

छिटो छरितो र भरपर्दो रूपमा संस्थाको गतिविधीहरूको जानकारी लिन संस्थाको आधिकारिक वेभ पेज तथा सामाजिक सञ्जालमा जोडिन सबै सदस्य महानुभावहरूलाई हार्दिक अपिल गर्दछु।

## ६. सम्मान तथा पुरस्कार विवरणः

संस्थाले गत वर्ष जस्तै यस वर्ष पनि सदस्यहरूलाई कारोबार तथा बिविध योगदानका आधारमा सम्मान तथा पुरस्कार प्रदान गरेको छ।

६.१. संस्थाको सम्मान कार्यविधी वमोजिम विभिन्न विधाहरूमा देहायनुसार प्रोत्साहन वा सम्मान प्रदान गरिएको छ।

| सम्मान शिर्षक | सम्मानित संख्या |
|---|---|
| उत्कृष्ट शेयर सदस्य | ८ जना |
| उत्कृष्ट नियमित बचतकर्ता सदस्य | ८ जना |
| उत्कृष्ट व्यवसायिक कारोबार गर्ने सदस्य | ८ जना |
| उत्कृष्ट उद्यमी सदस्य | ८ जना |
| उत्कृष्ट नारी बचतकर्ता सदस्य | ४ जना |
| उत्कृष्ट बाल बचतकर्ता | ८ जना |
| उत्कृष्ट अग्रज सदस्य | ८ जना |
| उत्कृष्ट ऋणी सदस्य | ८ जना |
| उत्कृष्ट सदस्यता वृद्धि योगदानकर्ता सदस्य | ८ जना |
| वर्षको उत्कृष्ट सुझावकर्ता सदस्य | १ जना |

## ७. क्षमता अभिवृद्धि सम्बन्धि गतिविधिः

७.१. संस्थाले गत वर्षहरूमा जस्तै यस वर्ष समेत संस्थाका सदस्य, कर्मचारी र समिति उप-समितिलाई लक्षित गरि बिभिन्न विषयका तालिम तथा गोष्ठीहरूमा सहभागिता गराएको छ।

यस वर्ष संस्थाले आयोजना गरेको कार्यक्रम र सहभागिताको विवरण यस प्रकार रहेका छन्।

| क्र.सं. | कार्यक्रम तथा तालिमको नाम र स्थान | सहभागिता विवरण |
|---|---|---|
| १ | सदस्य स्वागत तथा अभिमुखिकरण | ११३ जना सदस्यहरू |
| २ | ३१औं कार्यकुशलता तथा सिकाई व्यवस्थापन कार्यशाला आयोजना | ७ वटा संस्थाहरू |
| ३ | वार्षिक योजना तथा बजेट निर्माण तालिम | ७ जना कर्मचारीहरू |
| ४ | Job Design तालिम | २४ जना कर्मचारीहरू |

## ८. सदस्य सुरक्षा योगदान

दुःखमा सानो राहत सहयोग र खुसीको क्षणमा पुरस्कार तथा सम्मान गर्ने उद्देश्यले सञ्चालनमा ल्याएको सदस्य हित योजना अन्तर्गतका कार्यक्रमहरूमा आ.व. २०८०/८१ मा संस्थाले सदस्यहरूलाई तपसिल बमोजिम योगदान गरेको छ।

८.१. **श्रद्धाञ्जली सहितको राहत**: संस्थाका सदस्यको मृत्यु भएमा सम्बन्धित परिवारलाई उपलब्ध गराउँदै आएको राहत रू.१५,००० (कर कट्टी पछि) का दरले ७ जना शेयर सदस्यका परिवारलाई यो रकम सदस्यको मृत्यु भएको मितिले १३ दिन भित्र श्रद्धाञ्जली सहित प्रदान गरिएको छ।

८.२. **प्रसुति सदस्य कोसेली र शिशु बचत आरम्भ:** संस्थाका महिला सदस्यलाई प्रसुती कोसेली स्वरूप सम्बन्धित सदस्यलाई उपलब्ध गराउँदै आएको रकम रू.२,००० (कर कट्टी पछि) का दरले १६ जना सदस्यलाई यो रकम प्रदान गरिएको छ भने सोही अवसरमा नवजात शिशुलाई बाल बचत खाता खोली संस्थाको तर्फबाट खुत्रुके सहित रू.१,००० (कर कट्टी पछि) का दरले बचत आरम्भ गरिदिएको छ।

८.३. **बाल बालिका जन्मोत्सव शुभकामना:** संस्थाका बाल बचतकर्तालाई जन्मदिनको अवसरमा उपलब्ध गराउँदै आएको शुभकामना सहितको रकम रू.५०० (कर कट्टी पछि)का दरले २३६ जना बाल बचतकर्तालाई खातामा जम्मा गरिएको छ।

८.४. **एस.ई.ई. उर्तीण सम्मान**: एस.ई.ई. परिक्षामा सफल हुने सदस्यका सन्ततिहरूलाई रू.३,००० (कर कट्टी पछि) नगद पुरस्कार सहित ३७ जनालाई सम्मान प्रदान गरिएको छ।

## संक्षेपीकरण र धन्यवाद ज्ञापनः

आदरणीय सदस्य महानुभावहरू, समग्रतामा यो वर्ष विविध प्रतिकुलताका बिचमा पनि हाम्रो लागि सफलताको वर्षको रूपमा रहेको छ। यो सफलता र साखलाई आगामी वर्षहरूमा कायमै राख्न हाम्रो ध्यान रणनीतिक योजनाका साथ सदस्य सेवा र व्यवसाय वृद्धिमा केन्द्रित गर्नुपर्ने छ। यो अभियानमा प्रत्यक्ष रूपमा सहयोग गर्ने सम्पूर्ण सदस्यज्यूहरू र अहोरात्र खटिने व्यवस्थापन तथा कर्मचारी समूहमा सञ्चालक समितिको तर्फबाट हार्दिक धन्यवाद व्यक्त गर्दछु। हामीलाई सँधै मार्गनिर्देशन गरिरहने नियामक निकाय, लेखा परिक्षक, सहकारी अभियान, सञ्चार माध्यमप्रति आभार व्यक्त गर्दछु। चालु आर्थिक वर्षको नीति, कार्यक्रम तथा बजेट सम्बन्धमा प्रमुख कार्यकारी अधिकृतज्यूको प्रतिवेदन मार्फत पेश हुने नै छ। अन्तमा, आगामी दिनमा समेत यहाँहरूको यस्तै साथ र सहयोगको अपेक्षा सहित प्रस्तुत प्रतिवेदन पारित गरिदिनुहुन हार्दिक अनुरोध गर्दछु।

धन्यवाद ! जय ज्योतिपुञ्ज !! जय सहकारी !!!

**नविन श्रेष्ठ**
अध्यक्ष

# १४औं वार्षिक साधारण सभा २०८१ मा सञ्चालक समितिको तर्फबाट प्रमुख कार्यकारी अधिकृत श्री नवराज कार्कीद्वारा प्रस्तुत आ.व. २०८१/८२ को लागि वार्षिक नीति तथा कार्यक्रम र बजेट

सभाका अध्यक्षज्यू, सञ्चालक समितिका पदाधिकारी तथा सदस्यज्यूहरू, लेखा सुपरिवेक्षण समितिका संयोजक एवं सदस्यज्यूहरू, प्रमुख सल्लाहकार तथा सल्लाहकार महानुभावहरू, विभिन्न उप-समितिका संयोजक तथा सदस्यज्यूहरू, वार्षिक साधारण सभामा उपस्थित सदस्यज्यूहरू र सहकर्मी कर्मचारी मित्रहरू ! संस्थाको १४औं गरिमामय वार्षिक साधारण सभामा हार्दिक स्वागत अभिवादन गर्दै आर्थिक वर्ष २०८१/८२ को लागि प्रस्तावित नीति तथा कार्यक्रम र अनुमानित बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## १. पृष्ठभूमि तथा विषय प्रवेशः

आज भन्दा ठिक १३ वर्ष अगाडि २८ जना व्यक्तिहरूको पहलबाट हामीले ज्योतिपुञ्ज सहकारी स्थापना गरेको भर्खर जस्तो लाग्छ । १४औं वार्षिक साधारण सभामा आईपुग्दा ४ हजार भन्दा बढि सदस्यहरू माझ यसले आफ्नो वित्तीय गतिविधी विस्तार गर्न सफल भएको छ । यो यात्रामा हामीले अनेकौं बाधा व्यवधान, समस्या र चुनौतीलाई सामना गर्दै संस्थालाई विशेष स्थानमा राख्दै आएका छौं । यतिखेर हामी कोभिड–१९ को दीर्घकालिन असर, विश्वव्यापी आर्थिक मन्दी र यसले नेपाली वित्तीय बजारमा पारेको अनेकन चुनौतीहरूका बिच संस्थाको गतिविधी सञ्चालन गरिरहेका छौं । **"उत्कृष्ट वित्तीय सेवाका लागि सदस्यहरूको पहिलो रोजाईको सुरक्षित साकोस"**को परिकल्पनालाई साकार बनाउन हामीले जस्तोसुकै विषम परिस्थितिमा पनि आफ्नो व्यावसायिक कुशलता र संस्थागत सुशासनको माध्यमबाट संस्थाको वित्तीय स्वस्थतालाई झनै मजवुद बनाउन सफल भएका छौं । सहकारी अभियान निरन्तर चलिरहने व्यावसायिक र सदस्यहरूको मौलिक संगठन हो । हामीले सहकारीको विश्वव्यापी सिद्धान्त र मूल्यमान्यता, नेपाल सरकारको नीति निर्देशन, सहकारी अभियानको मार्गदर्शन र संस्थाको विनियमलाई आत्मसात गर्दै विगतका सफलता र सदस्यहरूबाट प्राप्त सुझावहरूलाई समेट्दै यस वर्षको वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गरेका छौं ।

## २. आ.व. २०८०/८१ को सिंहावलोकनः

आर्थिक वर्ष २०७९/८० को तुलनामा आ.व. २०८०/८१ केहि आशा लाग्दो र सामान्य अवस्थामा रहने प्रक्षेपण गरेका थियौं, तर यो वर्ष समेत निकै चुनौतिपूर्ण र तरल अवस्थामा गुज्रन पुग्यो । सहकारीको मूल्य मान्यता र सिद्धान्त साथै वित्तीय अनुशासन बाहिर गएर सहकारी सञ्चालन गर्ने व्यक्ति र समूहको गलत प्रवृत्तिका कारण सृजित नकारात्मक समाचारले नागरिकहरूमा अलमल र अविश्वास पैदा गर्यो । महामारीको असर र आर्थिक मन्दीले व्यापार व्यवसाय, कार्यालय र उद्योगधन्दा लामो समय सम्म पनि आफ्नो लयमा फर्कन सकेन, जसको

कारण लगानी संकुचन हुन पुग्यो भने निष्कृय कर्जामा समेत अपेक्षित सुधार हुन सकेन, तथापि व्यवस्थापनले लिएको रणनैतिक सुधारको कार्यक्रमले सदस्यहरू माझ आशाको किरण छरेको हामीले पाएका छौं। खासगरी सदस्य केन्द्रित अन्तरसंवाद, ऋण असुलीमा गरिएको प्रयास र ऋण लगानीमा लिएको नीतिका कारण हाम्रो समग्र वित्तीय अवस्थामा अपेक्षित नतिजा हासिल गर्न सफल भएका छौं। फलस्वरूप सदस्य र बचत निक्षेपमा वृद्धि भएको छ भने गत वर्षको तुलनामा सञ्चालन मुनाफामा समेत वृद्धि भएको छ।

## नीति तथा कार्यक्रमको मुख्य क्षेत्र र प्राथमिकीकरणः

संस्थाको व्यवसायिक रणनीतिक योजनामा लिईएका लक्ष्यहरू प्राप्त गर्न बिभिन्न क्रियाकलापहरू तय गरि अगाडि बढ्ने पहल थालनी भएको छ।

संस्थाले आगामी वर्ष २०८१/८२ का लागि निम्नानुसार कार्यनीति अवलम्वन गर्ने योजना रहेको छ।

१. यस वर्षमा सदस्यता स्थायित्व, वृद्धि तथा सदस्यता विस्तारका लागि सदस्य सामीप्यता कायम गर्ने नीति अवलम्वन गरिनेछ।

२. संस्थाको वित्तीय अवस्थालाई विश्लेषण गर्दै शेयर पूँजी रकम जम्मा सम्पत्तिको १० प्रतिशत कायम गर्ने नीति लिने र यस आ.व. २०८१/८२ मा ६.५० प्रतिशत भन्दा माथि लैजाने नीति अवलम्वन गरिनेछ। यस अन्तर्गतको लक्ष्य पुरा गर्न प्रति सदस्य न्यूनतम रू.५,०००/– शेयर रकमलाई अनिवार्य गरिने नीति लिइनेछ।

३. सदस्यहरूको दुःखमा सानो राहत सहयोग र खुसीको क्षणमा पुरस्कार तथा सम्मान गर्ने उद्देश्यले सञ्चालनमा ल्याएको सदस्य हित योजना अन्तर्गतका कार्यक्रमहरूमा केहि परिमार्जन गरी आ.व. २०८१/८२ मा पनि निरन्तरता दिने नीति लिइनेछ।

४. संस्थाले सञ्चालनमा ल्याएको सदस्यहरूको जीवनशैलीमा आधारित हुने लामो अवधिको बचत योजनाहरू मार्फत बचत बृद्धि गर्ने नीति लिइनेछ। नियमित बचत योजनामा मासिक रू.१,०००/– जम्मा गराउने तर्फ विशेष जोड दिइनेछ।

५. सदस्यहरूलाई ऋण लगानी गर्नुपूर्व वित्तीय ज्ञान तथा वित्तीय शिक्षा सहित परामर्श दिँदै वित्तीय अनुशासनका प्रभाव तथा वित्तीय अनुसाशन कायम नहुँदा पर्न सक्ने प्रभावका बारेमा ज्ञान दिलाउने नीति अगाडि सारिने छ।

६. हालको सहकारी अभियानमा देखा परेको विषम् परिस्थितसँग सामना गर्नका लागि सञ्चालक समितिको प्रत्यक्ष संलग्नतामा बिभिन्न क्षेत्रगत तथा विषयगत उप समितिहरू गठन गर्दै सदस्य र संस्था सामीप्यताका कार्यक्रमहरू सञ्चालनमा ल्याइनेछ।

७. संस्थामा सञ्चालन गरिने प्रशासनिक तथा कार्यक्रम खर्चहरूमा मितव्ययिता अपनाउदै संस्थाको खुद सम्पत्ति वृद्धिमा जोड दिइनेछ।

८. प्रविधि मार्फत हुने सेवा (मोबाइल बैङ्किग सेवा, क्यू आर भुक्तानी प्रणाली आदि) लाई दिर्घकालिन लक्ष्यका रूपमा जोड दिइनेछ।

९. विश्व आर्थिक मन्दी र वित्तीय बजारलाई मध्यनजर गर्दै वित्तीय स्वास्थ्य सुधारमा विशेष ध्यान दिईनेछ।

१०. लक्षित वर्ग (उमेर, पेशा) का आधारमा सदस्यता विस्तार गर्ने रणनीति लिईनेछ। यसका लागि सदस्य तथा समुदाय केन्द्रित गतिविधी सञ्चालन गरिनेछ।

११. साना तथा मझौला प्रकारका ऋणलाई प्रोत्साहन गर्दै एकल ऋण सीमालाई क्रमशः कम गरिनेछ। सदस्यहरूको वित्तीय आचरण, व्यवसाय र आयश्रोतमा आएको परिवर्तनलाई ख्याल राखी ऋणको पुर्नसंरचना गरिनेछ।

## ३. प्रस्तावित कार्यक्रम तथा योजना

३.१. शेयर सदस्य तथा शेयर पूँजी वृद्धि

३.१.१. यस वर्ष सदस्य संख्यामा १५ प्रतिशतले वृद्धि गरी कुल संख्या ४,६१५ पुर्याइनेछ। रू. ५ हजार भन्दा कम शेयर भएका सदस्यहरूलाई शेयर वृद्धि गर्न प्रोत्साहन गरिनेछ। हरेक सदस्यलाई ५० कित्ता शेयर बनाउन आह्वान गर्दै शेयर पूँजी १२ प्रतिशतले वृद्धि गरी कुल शेयर पूँजी रू.९ करोड २० लाख हुने लक्ष्य लिईएको छ।

३.१.२. सदस्यलाई सहकारीको वास्तविक अवस्था चिनाउन सदस्यसँग ज्योतिपुञ्ज अभियान अन्तर्गत गतिविधीहरू सञ्चालन गरिनेछ। सदस्य भईसकेको स्थानहरूमा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरि सदस्यहरूको समस्या, माग र योजनाहरूलाई सम्वोधन गरिनेछ। सदस्य संख्या कम भएको लूभू सेवा केन्द्रमा सदस्यता विस्तारको लागि विशेष कार्यक्रम गरिनेछ।

३.२. बचत निक्षेप संकलन तथा व्यवस्थापन

३.२.१. बचत निक्षेपमा कम्तिमा १२ प्रतिशतले वृद्धि गरी कुल बचत निक्षेप रू.१ अर्व ५ करोड पुर्याइनेछ।

३.२.२. मासिक अनिवार्य बचतको रकममा वृद्धि गराईनेछ। हरेक सदस्यलाई न्यूनतम मासिक रू.१,००० का दरले नियमित बचत गर्न आह्वान गरिनेछ।

३.२.३. बाल बचत/ह्याप्पी बचत/वीमा बचत/पेन्सन बचत/खुत्रुके जस्ता धन सृजना गर्ने बचत शिर्षकहरूमा बिशेष जोड दिईनेछ। सानै उमेर देखि बचत गर्ने बानी बसाल्न खुत्रुके वितरण कार्यलाई तिब्रता दिईनेछ।

३.३. ऋण लगानी तथा असुली योजना

३.३.१. कुल ऋण लगानी कम्तिमा १० प्रतिशतले वृद्धि गर्दै कुल ऋण लगानीलाई रू.१ अर्व १० करोड कायम गरिनेछ

३.३.२. सदस्यहरूको आयश्रोत हेरी बढीमा १० वर्ष सम्मको भुक्तानी अवधिलाई निरन्तरता दिईनेछ। यस वर्ष ५० प्रतिशत ऋण सदुपयोगिता जाँच गरिनेछ। उत्पादनमुलक र आयमुलक क्षेत्रमा ऋण लगानी केन्द्रित गरिनेछ।

३.३.३. भाखा नाघेका ऋणलाई असुल गरी ३ प्रतिशत भित्र कायम गरिनेछ। साना तथा मझौला ऋण फाइलहरूलाई प्राथमिकतामा राखी ऋणी संख्यामा बृद्धि गरिनेछ।

३.३.४. ऋण लगानीमा अनिवार्य परामर्श, सानो ऋण, आम्दानीको पहिचान, धितोको आधार, उत्पादनमूलक क्षेत्र, वित्तीय साक्षरता र ऋण सदुपयोगिता जस्ता विषयहरूलाई आधार मानी ऋण लगानीको मन्त्रको रूपमा अंगीकार गरिनेछ।

## ४. प्रविधीमैत्री सेवा

संस्थाको गतिविधीलाई क्रमशः प्रविधिमैत्री बनाउदै लगिनेछ। यस वर्ष थप ५०० जनालाई मोबाईल बैंकिङ्ग सेवा र १५० जनालाई क्यूआर कोड सेवामा आवद्ध गराईनेछ। संस्थाको वेभसाइट, फेसबुक पेज मार्फत संस्थाको सेवाहरूको प्रवर्द्धन गरिनेछ। संस्थामा प्रयोगमा रहेका आन्तरिक प्राविधकिक उपकरणहरूको व्यवस्थापन र क्षमता विस्तार गरिनेछ। संस्थाबाट उपलब्ध हुने सेवाहरूलाई भरपर्दो माध्यमबाट सदस्य माझ पुर्याइनेछ।

## ५. क्षमता अभिवृद्धि कार्यक्रम

संस्थाका सदस्य, समिति तथा कर्मचारीहरूलाई लक्षित गरि विषयगत तालिमहरू सञ्चालन गरिनेछ। नेपाल वित्तीय प्रतिवेदनमान, पर्ल्स विश्लेषण, ऋण व्यवस्थापन, नीतिगत सचेतना, सम्पत्ति शुद्धिकरण निवारण, कर व्यवस्थापन, मोवाईल बैंकिङ्ग, प्रविधि तथा वित्तीय साक्षरता जस्ता तालिमहरूलाई प्राथिमकताका साथ सञ्चालन गरिनेछ। यस वर्ष आन्तरिक तथा बाह्य गरि विभिन्न विषयमा अभिमुखीकरण, सचेतना, तालिम तथा गोष्ठीहरू सम्पन्न गरिनेछ।

## ६. समुदाय (समाज) केन्द्रित कार्यक्रम

६.१. ज्योतिपुञ्ज सहकारीलाई समुदाय माझ थप परिचित गर्न र समुदायको पहिलो रोजाईको संस्था बनाई राख्न समुदाय केन्द्रित वटा गतिविधि सञ्चालन गरिनेछ। यस वर्ष स्वास्थ्य शिविर, संस्था स्थापना दिवस, युवा दिवस, सहकारी दिवस, महिला गोष्ठी, विद्यार्थी केन्द्रित वित्तीय साक्षरता, खेलकुद कार्यक्रम जस्ता कार्यक्रम सञ्चालन गरिनेछ।

६.२. सदस्य सम्मान, कर्मचारी सम्मान तथा पुरस्कार जस्ता कार्यक्रमलाई निरन्तरता दिईनेछ। अग्रज सदस्यलाई बचतमा प्रदान गर्ने गरिएको ०.५ प्रतिशत अतिरक्त ब्याजदरलाई निरन्तरता दिईनेछ।

## ७. बजेट तयारीको आधार र प्राथमिकीकरणः

७.१. बजेट निर्माण गर्दा गत वर्षको प्रस्तावित बजेट र वास्तविक प्रगति साथै यसको असर र प्रभाव साथै वर्मान वित्तीय बजार र नेपाल सरकारले परिवर्तन गरेका नीतिको आधारमा तयार गरिएको छ।

७.२. संस्थाको नीति तथा कार्यक्रमको आधारमा अनावश्यक खर्चलाई न्यूनीकरण गर्ने नीति लिईएको छ।

७.३. बचत र ऋण बिचको ब्याजदर अन्तरलाई सुधार गर्दै आम्दानी र खर्चका सीमालाई सन्तुलन कायम गरि नाफा वृद्धि गर्ने लक्ष्य लिईएको छ। निक्षेप र ऋणको ब्याजदर कही घट्ने अनुमान गरिएको छ।

७.४. तरल वित्तीय बजार र आर्थिक मन्दीले पारेको प्रभावले आगामी वर्षलाई समेत प्रतिकुल प्रभाव पार्न सक्ने प्रक्षेपण सहित बजेटको आकार निर्धारण गरिएको छ।

## ८. अनुमानित बजेट

**आ.व. २०८१।०८२ को अनुमानित आय/व्यय विवरण**

| आय | रकम रू. | आय | रकम रू. |
|---|---|---|---|
| ऋण लगानीमा ब्याज | १५,२६,६६,३०९.६० | अन्य आम्दानी | २,९०,०००.०० |
| ब्याज (बैंक) | ६५,७९,०९७.९० | सदस्यता शुल्क | ८५,१००.०० |
| बन्द शुल्क | २१,५००.०० | घर भाडा आम्दानी | ९,३६,०००.०० |
| सेवा शुल्क | ५४,८६,०९७.५० | शेयर लाभांश | २०,०००.०० |
| | | हर्जना आम्दानी | १६,२६,२१५.०० |
| | **जम्मा आय** | | **१६,७७,१०,३२०.००** |

| खर्चहरु | रकम रू. |
|---|---|
| बचतमा ब्याज | ८,९९,३५,२५१.४८ |
| बाह्य ऋणमा ब्याज | ४८,३६,२५६.७४ |
| **पूँजीको लागत** | **९,४७,७१,५०८.२२** |

| सञ्चालन खर्चहरु | | | |
|---|---|---|---|
| **कर्मचारी खर्च** | **रकम रू.** | **कर्मचारी खर्च** | **रकम रू.** |
| दशै भत्ता | ९,००,०००.०० | मंहगी भत्ता | ४२,८०,०००.०० |
| बिदा खर्च | ७,००,०००.०० | ग्रेड खर्च | ४,८३,०००.०० |
| तलब खर्च | १,०२,००,०००.०० | प्रोत्साहन खर्च | ४०,०००.०० |
| तालिम खर्च | १,४०,०००.०० | सामाजिक सुरक्षा खर्च | २१,३६,०००.०० |
| पोशाक खर्च | १,७५,०००.०० | | |
| | **जम्मा कर्मचारी खर्च** | | **१,९०,५४,०००.००** |

| अन्य सञ्चालन खर्चहरु | रकम रू. | अन्य सञ्चालन खर्चहरु | रकम रू. |
|---|---|---|---|
| घर भाडा | ३०,००,०००.०० | मर्मत तथा सम्भार(अन्य) | २०,०००.०० |
| बिजुली तथा सम्भार | ५,००,०००.०० | विमा | ३,००,०००.०० |
| मर्मत तथा सम्भार (भवन) | ६०,०००.०० | टेलिफोन खर्च | २८,४००.०० |
| मर्मत तथा सम्भार (साधन) | १,४०,०००.०० | मसलन्द तथा छपाई | ७,७४,०००.०० |
| मर्मत तथा सम्भार (स्थिर सम्पति) | २,००,०००.०० | पत्रपत्रिका खर्च | २०,०००.०० |
| कार्यलय खर्च | ५,०५,४८०.०० | कानुनी परामर्श खर्च | १,८०,०००.०० |
| सदस्यता खर्च | १२,०००.०० | चन्दा | २२,०००.०० |
| सेवा शुल्क | ४,१६,०००.०० | बैठक खर्च | ६,८०,०००.०० |
| अन्य खर्च | १२,०००.०० | साधारण सभा | २४,००,०००.०० |
| बिज्ञापन खर्च | २३,२००.०० | लेखापरिक्षण खर्च | ५,००,०००.०० |
| प्राविधिक खर्च | २२,००,०००.०० | कार्यालय खाजा खर्च | २,६४,४००.०० |
| सुरक्षा खर्च | १३,५४,०००.०० | सवारी साधन कर | १,२६,२००.०० |

| अन्य सञ्चालन खर्चहरु | रकम रू. | अन्य सञ्चालन खर्चहरु | रकम रू. |
|---|---|---|---|
| इन्धन खर्च | ६,८०,०००.०० | वार्षिक शुल्क | १,००,०००.०० |
| आन्तरिक लेखा परिक्षण | २,१०,०००.०० | नविकरण शुल्क | ७,००,०००.०० |
| कर तथा दस्तुर | २४,०००.०० | प्रोवेशन शुल्क (नेफ्स्कून) | १,००,०००.०० |
| बैंक चार्ज | २०,०००.०० | मोबाईल बैंकिङ | ८,०००.०० |
| कमिशन खर्च | ६४,०००.०० | निर्वाचन उप-समिति भत्ता | २०,०००.०० |
| ह्रास कट्टी खर्च | ४०,००,०००.०० | | |
| | **सञ्चालन खर्च** | | **१,९६,६३,६८०.००** |
| | **कुल खर्च** | | **१३,३४,८९,१८८.२०** |
| | **सञ्चालन मुनाफा** | | **३,४२,२१,१३१.८१** |

## आदरणीय सदस्य महानुभावहरू,

सञ्चालक समिति तथा व्यवस्थापनले प्रस्ताव गरेका हरेक विषयहरूमा यहाँहरूको सकरात्मक साथ र रचनात्मक सहयोग रहेको छ । यसको लागि सम्पूर्ण सदस्य महानुभावहरूमा हार्दिक आभार व्यक्त गर्न चाहन्छु । हामीले आगामी दिनहरू अझ उत्कृष्ट र परिणाममुखी बनाउनु छ । यसको लागि सदस्यज्यूहरूको निरन्तर सल्लाह, सुझाव र ऐक्यवद्धताको समेत अपेक्षा गरेका छौं । समग्रतामा संस्थाको स्पष्ट नीति तथा कार्यक्रम र बजेट परिचालनले नै संस्थाले परिकल्पना गरेको **"उत्कृष्ट वित्तीय सेवाका लागि सदस्यहरूको पहिलो रोजाईको सुरक्षित साकोस"** निर्माणको आधारशिला तयार हुनेछ ।

अन्तमा, जस्तोसुकै परिस्थितिमा पनि आफ्नो कर्तव्यलाई शीरमा राखी सदस्य सेवा र संस्थाको हितमा अहोरात्र खटिनुहुने मेरा सहकर्मी मित्रहरूमा हार्दिक धन्यवाद दिन चाहन्छु । नियामक निकाय, सहकारी अभियानका सबै सहयोगी मित्रहरू, सञ्चालक तथा लेखा सुपरिवेक्षण समितिका सदस्यज्यूहरू, सल्लाहकारज्यूहरू र विभिन्न उप–समितिका सदस्यज्यूहरूमा आभार व्यक्त गर्दै यो वार्षिक कार्यक्रम तथा बजेट पारित गरिदिनुहुन प्रस्ताव पेश गर्दछु ।

धन्यवाद ! जय ज्योतिपुञ्ज !! जय सहकारी !!!

**नवराज कार्की**
प्रमुख कार्यकारी अधिकृत

२०८१ आषाढ मसान्त

## पर्ल्स अनुपात

| सूचक | क्षेत्र | बिवरण | रकम | लेखामा | मापदण्ड |
|---|---|---|---|---|---|
| P-Protection सूरक्षण | P1 | नोक्सानीको लागि व्यवस्था | २४,५३१,१२८.६२ | १००% | १००% |
| | | खराब कर्जा | २४,५३१,१२८.६२ | | |
| | P2 | नोक्सानीको लागि व्यवस्था | ५,८९४,७४६.०१ | ३५% | ३५% |
| | | संकास्पद कर्जा | १६,८४२,१३१.४७ | | |
| | P3 | खराब कर्जा अपलेखन गरे/नगरेको | नगरेको | | - |
| | P4 | अपलेखन गरिएको खराब कर्जा | - | ०% | न्यूनतम |
| | | कूल कर्जा | ९६७,२५०,८१४.९९ | | |
| | P5 | अपलेखित खराब कर्जाको असूली | - | | >७५% |
| | | कूल उपलेखित खराब कर्जा | - | | |
| | P6 | समपत्तिको खूद मूल्य | १,२६९,५७०,५७३.९८ | १२४% | >= १११% |
| | | कूल शेयर तथा बचत | १,०२६,४४३,२७१.९७ | | |
| E-Effective Financial Structure प्रभावकारी वितिय संरचना | E1 | कूल कर्जा | ९९१,७८१,९४३.६१ | ७६% | ७०-८०% |
| | | कूल सम्पत्ति | १,३०९,५००,५३५.४५ | | |
| | E2 | तरल लगानि | २२५,२१५,२०३.९८ | १७% | <=१६% |
| | | कूल सम्पत्ति | १,३०९,५००,५३५.४५ | | |
| | E3 | वितिय लगानि | ११,७५९,०००.०० | १% | <=२% |
| | | कूल सम्पत्ति | १,३०९,५००,५३५.४५ | | |
| | E4 | गैर वितिय लगानि | - | ०% | ०% |
| | | कूल सम्पत्ति | १,३०९,५००,५३५.४५ | | |
| | E5 | बचत | ९४४,२८०,५७१.९७ | ७२% | ७०-८०% |
| | | कूल सम्पत्ति | १,३०९,५००,५३५.४५ | | |
| | E6 | बाह्रय ऋण | ७१,४८७,५६७.४६ | ५.४६% | ०-५% |
| | | कूल सम्पत्ति | १,३०९,५००,५३५.४५ | | |
| | E7 | शेयर पूँजी | ८२,१६२,७००.०० | ६% | <=२०% |
| | | कूल सम्पत्ति | १,३०९,५००,५३५.४५ | | |
| | E8 | संस्थागत पूँजी | १२३,९५१,०५३.०३ | ९% | >=१०% |
| | | कूल सम्पत्ति | १,३०९,५००,५३५.४५ | | |

| | | | | | |
|---|---|---|---|---|---|
| A-Assets Quality सम्पतिको गुणस्तर | A1 | भाखा नाघेको कर्जा | ४१,३७३,२६०.०९ | ४% | <=५% |
| | | कूल कर्जा | ९९१,७८१,९४३.६१ | | |
| | A2 | आय नहूने सम्पति | ७८,८७२,६२९.६९ | ६.०२% | <=५% |
| | | कूल सम्पत्ति | १,३०९,५००,५३५.४५ | | |
| | A3 | बिना लागतको पूँजी | १०६,६५२,१११.०६ | १३५% | >=२००% |
| | | आय नहूने सम्पति | ७८,८७२,६२९.६९ | | |
| R-Rates of Returns and Cost प्रतिफल दर | R1 | कर्जा बाट खूद आय | १६५,२१५,३८५.५८ | ११% | बजार दर |
| | | औसत कर्जा | १,४४३,४९७,२५४.७८ | | |
| | R2 | तरल लगानि बाट आय | ९,५८२,६१३.१० | ४% | बजार दर |
| | | औसत तरल लगानि | २१८,०४२,७५०.५७ | | |
| | R3 | वितिय लगानि बाट आय | ८३,४३०.८५ | ०.४७% | बजार दर |
| | | औसत वितिय लगानि | १७,६३८,५००.०० | | |
| | R4 | गैर वितिय लगानि बाट आय | - | ०% | >=R1 |
| | | औसत गैर वितिय लगानि | - | | |
| | R5 | वचतमा व्याज | ९५,३४७,६४२.९५ | ११% | बजार दर >मूद्रास्फीति |
| | | औसत बचत | ९०२,५७९,३८०.९९ | | |
| | R6 | बाह्रय ऋणमा व्याज | १४,१२६,८३५.८५ | ११% | बजार दर |
| | | औसत बाह्रय ऋणमा | १२८,५०६,००५.९५ | | |
| | R7 | शेयर पूंजीमा लाभांश | ६,८२७,९८०.७४ | ८% | बजार दर>R5 |
| | | औसत शेयर पूंजीमा | ८५,३४१,६५०.०० | | |
| | R8 | कूल मूनाफा | ५८,४९५,५३९.१४ | ४% | बजार दर |
| | | औसत सम्पत्ति | १,३२७,५४८,७९९.०४ | | |
| | R9 | प्रशासनिक खर्च | ३४,७५३,३०६.७१ | ३% | <=५% |
| | | औसत सम्पत्ति | १,३२७,५४८,७९९.०४ | | |
| | R10 | जम्मा नोक्सानीको लागि व्यवस्था | ३९,९२९,९६१.४७ | ४% | ^P1=100% ^P2=35% |
| | | औसत कर्जा | १,००७,३८३,५७७.८६ | | |
| | R11 | अन्य आय | २०,०६२,७४८.८४ | २% | न्यूनतम |
| | | औसत सम्पत्ति | १,३२७,५४८,७९९.०४ | | |
| | R12 | खूद आय | ११,१३९,९३४.६९ | १% | बजार दर |
| | | औसत सम्पत्ति | १,३२७,५४८,७९९.०४ | | |

| | | | | | |
|---|---|---|---|---|---|
| L-Liquidity तरलता | L1 | तरल सम्पत्ति-अल्पकालिन दायित्व | १९६,६३९,३२३.९२ | २१% | १५% |
| | | कूल बचत | ९४४,२८०,५७१.९७ | | |
| | L2 | तरल सम्पत्ति | २२५,२१५,२०३.९८ | २४% | १५-२०% |
| | | कूल बचत | ९४४,२८०,५७१.९७ | | |
| | L3 | आय नहूने तरल सम्पत्ति | १,१३२,२५१ | ०% | <१% |
| | | कूल बचत | ९४४,२८०,५७१.९७ | | |
| S-Signs of Growth वार्षिक वृद्धि संकेत | S1 | कूल कर्जा तथा लगानिमा वृद्धि | (३१,२०३,२६८) | -३% | E1=70-80% |
| | S2 | तरल लगानीमा वृद्धि | १४,३४४,९०६.८२ | ७% | E2<=16% |
| | S3 | वितीय लगानीमा वृद्धि | - | ०% | E3<=2% |
| | S4 | गैर वितिय लगानीमा वृद्धि | - | ०% | E4=0% |
| | S5 | बचतमा वृद्धि | ८३,४०२,३८२ | १०% | E5=70-80% |
| | S6 | वाह्रय ऋणमा वृद्धि | (११४,०३६,८७६.९७) | -६१% | E6=0-5% |
| | S7 | शेयर पूँजीमा वृद्धि | (६,३५७,९००.००) | -७% | E7<=20% |
| | S8 | संस्थागात पूँजीमा वृद्धि | ६,७७३,४३९.७७ | ६% | E8>=10% |
| | S9 | कूल संस्थागात पूँजीमा वृद्धि | ६,५३८,१४५.११ | ८% | E9>=10% |
| | S10 | शेयर सदस्य संख्यामा वृद्धि | ४३७.०० | १६% | >=15% |
| | S11 | कूल सम्पतिमा वृद्धि | (३६,०९६,५२७.१९) | -३% | >मूद्रास्फीति +10% |

# १४औं वार्षिक साधारण सभा २०८१ मा लेखा सुपरिवेक्षण समितिको तर्फबाट संयोजक श्री निसिमा आचार्यद्वारा प्रस्तुत आ.व. २०८१/८२ को समिक्षा प्रतिवेदन

सभाका अध्यक्षज्यू, सञ्चालक समितका पदाधिकारी तथा सदस्यज्यूहरू, लेखा सुपरिवेक्षण समितिका सदस्य साथीहरू, सल्लाहकारज्यूहरू, विभिन्न उप–समितिका संयोजक तथा सदस्यज्यूहरू एवं उपस्थित शेयर सदस्यज्यूहरू ! सर्वप्रथम संस्थाको १४औं वार्षिक साधारण सभामा लेखा सुपरिवेक्षण समितिको तर्फबाट हार्दिक अभिवादन व्यक्त गर्न चाहन्छु । लेखा सुपरिवेक्षण समिति सहकारी संस्थाको विकास एवं प्रवर्द्धनका लागि एउटा महत्वपूर्ण अंग हो । सहकारी संस्थामा भएगरेका काम र निर्णयहरूको समीक्षा गरि त्यसको सत्य तथ्य प्रतिवेदन सदस्यहरू माझ ल्याउनु यस समितिको कर्तव्य पनि हो । संस्थाको १२औं वार्षिक साधारण सभाबाट विधिवत रूपमा हामीले आफ्नो कार्यभार सम्हाले पश्चात नियमित रूपमा संस्थाको आन्तरिक परिक्षणको कामलाई सम्पादन गर्दै आइरहेका छौं । आज म यस सम्मानित सभामा नियामक निकायले मार्गनिर्देश गरेको ढाँचामा समितिको तर्फबाट आ.व. २०८०/८१ को वार्षिक समीक्षा प्रतिवेदन पेश गर्ने अनुमति चाहन्छु ।

## १. सहकारी संस्थाको संक्षिप्त विवरणः

१.१. संस्थाको नामः ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लि.

१.२. कार्यक्षेत्रः काठमाडौं, ललितपुर र भक्तपुर जिल्ला भरी

१.३. ठेगानाः मुख्य कार्यालय, नयाँ बानेश्वर काठमाडौं

१.४. सेवा केन्द्रहरूः कुमारीपाटी ललितपुर, गोठाटार काठमाडौं, लुभू ललितपुर

१.५. संस्थाले गर्ने मुख्य कारोबारः बचत तथा ऋण

१.६. अन्य गतिविधी तथा कारोबारः विप्रेषण, वीमा र सामाजिक गतिविधीहरू

## २. अघिल्लो साधारण सभाको निर्णयहरूको कार्यान्वयनको अवस्थाः

२.१. संस्थाको १३औं वार्षिक साधारण सभा मिति २०८० भाद्र २३ गते प्रारम्भ भई २०८० आश्विन ११ गते सम्पन्न भएको छ। एकाइगत रूपमा सम्पन्न भएको वार्षिक साधारण सभाले विभिन्न विषयमा १४ वटा महत्वपूर्ण निर्णयहरू पारित गरेको छ । सभाले पारित गरेको निर्णयहरूको कार्यान्वयन पक्ष उत्साहजनक र राम्रो छ। संस्थाले लिएको अधिकांश वार्षिक लक्ष्य हासिल गरेको छ। सभाको निर्देशन वमोजिम संस्थाको गतिविधीहरू प्रविधीमैत्री बन्दै गइरहेको पाइन्छ।  सदस्य वृद्धि, बचत वृद्धि, ऋण

असुली वृद्धि जस्ता कृयाकलापहरूबाट नाफामा वृद्धि भएको देखिन्छ । यसले लगानीको प्रतिफलमा समेत वृद्धिहुने देखिएको छ । यस अर्थमा सञ्चालक समिति र व्यवस्थापन रणनैतिक हिसावले अगाडि बढेको पाईन्छ ।

## ३. आ.व. २०८०/८१ मा बसेको बैठक संख्या, निर्णयहरू र निर्णयहरूको कार्यान्वयनको अवस्थाः

यस अवधिमा सञ्चालक समितिको बैठक २४ वटा, लेखा सुपरिवेक्षण समितिको बैठक ५ वटा र उप-समितिका बैठक ५४ वटा सम्पन्न भएका छन् । समिति तथा उप-समितिहरूले गरेका अधिकांश निर्णयहरू समयमा नै कार्यान्वयन भएका छन् ।

## ४. ऋण लगानीको प्रकृया, अवस्था, ऋण वापतको सुरक्षण वा धितो सम्बन्धी व्यवस्थाः

४.१. संस्थामा प्राप्त ऋण निवेदन उपर सूचिकृत प्राविधिक र सम्बन्धित कर्मचारी र ऋण उप-समितिको टोलीले स्थलगत रूपमा धितो तथा परियोजना स्थलको निरीक्षण गर्ने गरिएको छ । निरीक्षण पश्चात मुल्यांकन प्रतिवेदनका आधारमा सञ्चालक समिति, ऋण उप-समिति, उच्च व्यवस्थापन समूह र कार्यालय प्रमुखले आफ्नो क्षेत्राधिकार भित्रको ऋण निर्णय गरि सम्बन्धित कार्यालयबाट दृष्टि बन्धक रोक्का राखी लगानी गर्ने गरिएको छ । संस्थाले लगानी गर्दा घर, जग्गा तथा सवारी साधन र बचत निक्षेप खाता रोक्का राखी लगानी गर्ने गरेको छ भने रू. ३ लाख सम्मको समूह जमानत ऋण मार्फत लगानी गर्ने गरेको छ ।

४.२. ऋण शाखाबाट प्राप्त जानकारी बमोजिम समीक्षा अवधिमा ऋण लिने सदस्य २८६ जना देखिन्छ । गत वर्षको तुलनामा यो संख्या १९ जनाले बढेको छ । यस अवधि सम्म आइपुग्दा कुल ९९ करोड १७ लाख ऋण लगानी भएको छ । संस्थाले लामो समय सम्म उच्च दरमा तरलता व्यवस्थापन गर्नुपरेको र खराब ऋण असुली गरेको साथै स–साना ऋणलाई प्राथमिकतामा राखेको कारण ऋण लगानीमा समेत कहि संकुचन भएको देखिन्छ । संस्थामा हाल कुल ऋणमा ३.७० प्रतिशत भाखा नाघेको ऋण रहेको पाईयो ।

## ५. यस अवधिमा भएका मुख्य कार्यक्रम तथा गतिविधीहरूको समीक्षाः

५.१. समीक्षा अवधिमा केहि सदस्य केन्द्रित कार्यक्रम तथा गतिविधिहरू सम्पन्न गरेको छ । सदस्य हित योजना अन्तर्गतका कार्यक्रमलाई निरन्तरता दिएको छ । समग्रतामा यस वर्ष सम्पन्न कार्यक्रमले संस्थाको छबि उच्च बनाउन मद्दत गरेको पाईयो ।

## ६. सहकारी विभागबाट जारी गरिएका मापदण्डहरूको पालना सम्बन्धी संक्षिप्त विवरणः

६.१. यस अवधिमा संघीय सहकारी विभाग, वागमती प्रदेश सहकारी रजिष्ट्रारको कार्यालय हेटौडाबाट सहकारी संघ संस्थाहरूलाई जारी गरेका विशेष निर्देशन तथा मार्गदर्शनलाई सञ्चालक समिति तथा व्यवस्थापनले पालना गर्न आवश्यक कदम चालेको पाईयो ।

## ७. सहकारी कार्यालय, विभाग वा सम्बन्धित संघले अनुगमन गरी दिइएको प्रतिवेदन अनुसारको निर्देशन / सुझावहरू कार्यान्वयन सम्बन्धी विवरणहरूः

७.१. सहकारीको नियामक निकाय तथा सहकारी संघहरूले समय समयमा दिएको निर्देशन तथा सुझावहरूलाई विशेष ध्यान दिई पालना गर्ने गरेको पाईयो।

## ८. पदाधिकारीहरूको पारिश्रमिक, भत्ता र अन्य सुविधाहरूको विवरणः

८.१. संस्थाको पदाधिकारीहरूलाई नियमित रूपमा पारिश्रमिक वितरण गरिएको छैन।

८.२. साधारण सभाको निर्णय बमोजिम समिति, उप-समिति तथा सल्लाहकारहरूलाई नियमानुसार बैठक बसेको समयमा बैठक भत्ता वितरण गरिएको छ।

## ९. कर्मचारी प्रशासन सम्बन्धी व्यवस्थाहरूः

९.१. साधारण सभाबाट पारित मानव संसाधन नीति भए/नभएकोः मानव संसाधन नीति, २०७६ लागु भएको छ।

९.२. मानव संसाधन नीति प्रयोगमा ल्याईएको/नल्याइएकोः ल्याईएको छ।

९.३. भर्ना प्रकृया पारदर्शिता र प्रतिस्पर्धी भएको/नभएकोः भएको छ।

९.४. कर्मचारी भर्ना प्रकृया पारदर्शी र प्रतिस्पर्धी छ। सञ्चालक समितिले ३ जनाको कर्मचारी पदपूर्ति उप-समिति मार्फत लिखित, मौखिक तथा प्रयोगात्मक परिक्षा लिई कर्मचारी नियुक्ती गर्ने गरेको छ।

९.५. कार्यरत कर्मचारीहरू र कार्यवोझ बिच तादम्यता रहेको/नरहेकोः कार्यवोझ र तादम्यता मिलेको छ, संस्थाको मुख्य कार्यालय, सेवा केन्द्रहरू साथै विभागीय जिम्मेवारीमा रहेका कर्मचारीहरूलाई समय–समयमा आवश्यकता बमोजिम विभाग हेरफेर गरि कार्यवोझ मिलाउने गरेको पाईन्छ।

## १०. समिति, सल्लाहकार, उप-समिति र कर्मचारीहरूले लिएको ऋणको विवरण र भाखा नाघेको अवस्थाः

संस्थामा रहेका समिति, उप-समिति र कर्मचारीहरूले नियम बमोजिम ऋण सेवा उपभोग गर्नुभएको र कसैको पनि भाखा नाघेको ऋण छैन।

## ११. लेखा समितिले यस अघि दिईएको सुझावहरूको कार्यान्वयनको अवस्थाः

लेखा सुपरिवेक्षण समितिले विभिन्न समयमा सञ्चालक समिति मार्फत विभिन्न सुझावहरू दिईएकोमा ती सुझावहरू सहजरूपमा ग्रहण गरेको छ। सञ्चालक समिति मार्फत व्यवस्थापन तर्फ दिईएको सुझावहरू समेत

कार्यान्वयन भएको हामीले पाएका छौं। ऋण असुली तर्फ दिईएका सुझावहरूका सन्दर्भमा कतिपय सदस्यहरूले आर्थिक मन्दीका कारण व्यापार व्यवसायमा भएको सुस्तताका कारण किस्ता र ब्याज नियमित गर्न नसकेको भनी भाखा नाघेको ऋणमा लक्ष्य बमोजिम प्रगति हासिल हुन सकेको छैन। यस सम्बन्धमा कडाईका साथ ऋण असुली गर्न सुझाव दिईन्छ।

## १२. लेखा समितिले उल्लेख गर्न चाहेका अन्य विवरणहरूः

१२.१. लेखाको हिसाब प्रचलित दोहोरो लेखा प्रणाली तथा आधुनिक सफ्टवयेर सि.वि.एस. (कोर बैंकिङ्ग प्रणाली) को माध्यमबाट स्पष्टसँग राखि व्यवस्थित गरिएको छ।

१२.२. स्थिर सम्पत्तिको मुल्यमा विगतमा जस्तै ह्रासकट्टी गरि खुद बाँकी रकम देखाईएको छ भने लेखा सम्बन्धित शिर्षकहरू लेखा नीति अन्तर्गत रही स्पष्टसँग राखिएको छ।

१२.३. सहकारी विभागद्वारा जारी सम्पत्ति शुद्धिकरण निवारण निर्देशिका बमोजिम कार्यन्वयन अधिकारीको व्यवस्था गरिएको छ। कार्यान्वयन अधिकारीले टिटिआर/एसटिआर प्रतिवेदनहरू नियमित रूपमा सम्बन्धित निकायमा पठाउने गरेको छ।

१२.४. संस्थामा भए गरेको गतिविधी र सदस्यहरूको गुनासो व्यवस्थापन गर्ने कार्यको लागि सूचना तथा गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिएको छ।

## १३. लेखा सुपरिवेक्षण समितिको सुझावहरूः

१३.१. सदस्यहरूलाई वित्तीय साक्षरता कार्यक्रम मार्फत सूसुचित गराइ सदस्यता वृद्धिमा जोड दिन सुझाव गर्दछौं।

१३.२. संस्थामा कार्यरत कर्मचारीहरूलाई ज्ञान, सीप अभिवृद्धि र गुणस्तरीय सेवाका लागि समयसापेक्ष तालिम र अभिमुखीकरण कार्यक्रमलाई निरन्तरता दिनुपर्ने सुझाव गर्दछौं।

१३.३. वित्तीय क्षेत्र स्वभावतः बढी जोखिम हुने संवेदनशील क्षेत्र हो, तसर्थ भाका नाघेका ऋणलाई समयमै अनुगमन गरी ऋणीहरूलाई सचेत गराइ ऋण असुलीदर शतप्रतिशत पुर्याउने तर्फ कार्ययोजना निर्माण गर्न सुझाव गर्दछौं।

१३.४. संस्थाको परिकल्पना बमोजिम सदस्य सन्तुष्टिलाई ध्यान दिँदै दिगो सहकारी निर्माणमा आवश्यक ध्यान दिनुपर्ने देखिन्छ।

